गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी उद्यमशीलताको माध्यमबाट उद्यमी सिर्जना गर्न इच्छुक व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गर्न **आशय पत्र** आह्वानको लागि तयार गरिएको

**कार्यक्षेत्रगत शर्त –Terms of Reference (TOR)**

**१. व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमि :**

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को वित्तीय तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागू भएको लघु उद्यम विकास कार्यक्रमलाई आ.व. ०६६/०६७ देखि नेपाल सरकारले आन्तरिकीकरण गरी **गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम** (MEDPA) को रुपमा क्रमश विस्तार गर्दै आएको छ । यो कार्यक्रम घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति अन्तरगतका ७५ वटै जिल्लामा लागु हुने छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका सबै प्रकृया चरणवद्ध तवरले संचालन गर्न अनुभवी योग्य व्यवसाय विकास सेवा प्रदायक संस्था, गै.स.स., फर्म वा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय/समितिको कार्यालयमा दर्ता भएको कम्पनी मध्येबाट छनौट गरी कार्यक्रम संचालन गर्न यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

चालु आ.व. ०७४।७५ मा विभाग/समिति अन्तरगतका ७५ जिल्ला स्थित कार्यालयहरुमा कार्यक्रम संचालनको लागि प्राप्त आशयपत्रहरु मध्येबाट सार्वजनिक खरीद ऐनको दफा ३० को उपदफा ५ बमोजिम ३ देखि बढीमा ६ वटा संस्थाहरु प्रारम्भिक छनौट गरी छनौट भएका संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा प्रत्येक जिल्लाको लागि एउटा सेवा प्रदायक संस्था छनौट गरिने छ । तर आशय पत्रको मूल्यांकनको क्रममा कम्तीमा ३ वटा संस्थाले उत्तीर्णाङ्क प्राप्त गर्न नसकेमा वा ३ भन्दा कम आशय पत्र पेश हुन आएमा आशय पत्र पुन: आव्हान गरिने छ । यसरी छनौट भएका **व्यवसाय विकास सेवा प्रदायक संस्था** सग सम्बन्धित स्थानिय तहबाट सम्झौता गरी कार्यक्रम संचालन हुनेछ ।

**२. MEDPA कार्यक्रमको उद्देश्य :**

अति विपन्न वर्ग, गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिबासी, जनजाति, मधेशी वा आर्थिक, सामाजिक र सास्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग गरी तोकेको जनसमुदायलाई उद्यमशीलताको माध्यमबाट उद्यमी सिर्जना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गरी उनीहरुको आय स्तरमा सुधार गरी गरिबी निवारणमा सहयोग पुर्‍याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ.

**३. कार्यक्रम लागू हुने क्षेत्र :**

घरेलु तथा साना उद्योग कार्यालय/समिति रहेका स्थानिय तहले जिल्ला समन्वय समितिको समन्वयमा लघु उद्यम विकासका लागि उपलब्ध श्रोत, बजार र लक्षित वर्गको आधारमा प्रत्येक जिल्लाका बढीमा दुई वटा गाउँपालिका/नगरपालिकालाई कार्यक्रमको कार्यक्षेत्र निर्धारण गर्न छ । यसरी निर्धारण गरिएका गाउँपालिका/नगरपालिकाहरुमा लघु उद्यम विकासका लागि स्थानिय तहबाट छुट्याएको श्रोत र लक्ष्यलाई समेत समावेश गरिने छ ।

(निर्देशक)

४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु :

४.१ **नयाँ उद्यमी सिर्जना तर्फ** : नयाँ उद्यमी सिर्जना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमबाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमी गणना गर्दा उद्यम शुरुवात गरिसकेको अवस्थालाई जनाउने छ । लक्षित नयाँ उद्यमी सिर्जना गर्दा कुल उद्यमीमध्ये स्थानिय तहको जनसख्याको अनुपातमा महिला ७०%, दलित ३०%, आदिवासी जनजाति ४०%, मधेशी ४०% र युवा (१६–४० वर्ष) ३०% हुनुपर्ने छ ।

(क) **प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन** : कार्यक्रम सञ्चालन गर्नका लागि तोकिएका गाउँपालिका/नगरपालिकाको प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन गरी त्यसको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा रहेका घरेलु तथा साना उद्योग कार्यालय/समितिमा पेश गर्नुपर्ने छ ।

(ख) **कार्यक्रमबारे अभिमुखीकरण** : छनौट भएका गाउँपालिका/नगरपालिका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिवी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखीकरण गरी बजार, स्रोत सम्भाव्यता र लक्षित वर्गबारे सुनिश्चित गर्ने र उक्त भेला/गोष्ठिले सिफारिस गरेको बस्ती वा टोललाई संभावित कार्य क्षेत्र मानी प्रकृया अगाडी बढाउने ।

(ग) **उद्यम विकास समिति गठन** : गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, बमोजिम उद्यम विकास समिति गठन गर्न सहजीकरण गर्नु पर्नेछ । साथै समितिको गठन र सेडपा अभिमुखीकरण कार्यक्रम सम्बन्धित उद्यम विकास शाखा प्रमुखले संचालन गर्नेछन् ।

(घ) **सहभागितामूलक ग्रामिण लेखाजोखा** : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले सम्बन्धित गाउँ/नगरपालिकाको लागि निर्धारित गरेका वडाहरु र समुदायमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Appraisal (PRA)) गर्ने । सम्बन्धित गाउँ/नगरपालिकामा गरिएको अभिमुखीकरण गोष्ठिले कार्यक्रम कार्यान्वयन गर्न भनी तोकेको वडा बस्ती स्थानमा बसोवास गरेको समुहमध्येबाट तोकिएको संख्यामा कम्तीमा २०-२५ जना सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत ,बजार र सीपको संभाव्यता पहिचान गर्नुपर्ने छ ।

(ङ) **सर्भेक्षण प्रकृया** : PRAको माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न मध्यम, गरिब र अति गरिब परिवारको फाराम A भर्ने र उक्त परिवार गरिबीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ४० वर्षभित्रका बेरोजगार सदस्यको फाराम B भर्ने । यदि परिवारमा कुनै पनि प्रकारको व्यवसाय गरिरहेका वा व्यवसाय गरेर बन्द भएको पाइएमा फाराम C समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा संभावित उद्यमीहरु छनौट गर्ने । सर्भेक्षणको लागि आवश्यक फाराम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० प्रथम संशोधन २०७२ मा भएका र कार्यालयले उपलब्ध गराएको नमूना अनुसारका फारामहरु (A देखि G सम्म) आफैले आवश्यक संख्यामा छपाइ

सरोकारवालाको प्रत्यक्ष संलग्नतामा गरी उक्त फारमहरुको विश्लेषण गरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी SOFT COPY र सक्कल फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरी सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने छ ।

(च) **समुह निर्माण र क्षमता अभिवृद्धि** : फारम A, B र C को विश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा, समुहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोवारको विवरण (उत्पादन, बिक्रि, ऋण लगानी) सम्बन्धी विषयमा सुशिक्षित गर्ने ।

(छ) **उद्यमशीलता विकास तालिम** : सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुलाई अनकुल हुने स्थानमा उपस्थित गराई सम्झौता अनुसार निर्धारित सबै गाउँपालिका/नगरपालिका का छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको उद्यमशीलता विकास तालिम (Start & Improve Your Business, SIYB) र एक दिनको लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्ने । यसरी तालिम सन्चालन गर्दा TOPE र TOSE तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्ने छ ।

(ज) **सीप विकास तालिम संचालन** : उद्यमशीलता विकास तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा ३० प्रतिशतलाई लामो अवधि (९० दिनसम्म), कम्तिमा ३० प्रतिशतलाई मध्यम अवधि (४५ दिनसम्म) र बाकीलाई छोटो अवधि (१५ दिनसम्म) को सीप विकास तालिम प्रदान गर्नु पर्नेछ । सीप विकास तालिम प्रदान गर्दा तालिमको पाठयक्रम र तालिम प्रशिक्षक नेपाल सरकारबाट मान्यता प्राप्त भएको हुनुपर्ने छ । तर कुनै विषयमा पाठयक्रम स्वीकृत भइनसकेको र सो अनुसार प्रशिक्षक उपलब्ध नभएको अवस्थामा जिल्ला समन्वय समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम सचालन गर्दा लामो, मध्यम र छोटो अवधिका तालिम तोकिएको अवधी भन्दा कम भएमा संचालित कार्यक्रमको अवधीको गणना गरी दामाशाहीको हिसाबले रकम भुक्तानी गरिने छ ।

उदाहरण : लामो अवधी भनी सचालन भएको तालिम ७० दिनमा सम्पन्न भएको पाइएमा प्रस्तावित सीप विकास तालिममा उल्लेख गरिएको रकमलाई ९० ले भाग गरी ७० ले गुणन गरी हुन आउने रकमलाई मान्यता दिइनेछ ।

(झ) **लघु कर्जा पहुंचका लागि सहजीकरण** : लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यत: तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

क) अति विपन्न जसको आफ्नो घरमा उद्यम सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम सञ्चालनमा सहजीकरण गर्ने,

(निर्देशक)

ख) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पूंजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजीकरण गर्ने,

ग) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसंग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठि मार्फत सम्बन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तर्क्रिया गराइ लघु कर्जा पहुंचमा सुनिश्चितता गर्ने ।

यस प्रकार लघु उद्यमी सिर्जनाका लागि सम्झौतामा दिइएको लक्ष्य अनुसार साझा सुविधा केन्द्र, स्वलगानी र लघु कर्जा मार्फत उद्यम सञ्चालन गर्नेहरुको विवरण अद्यावधिक गर्ने । कर्जा लगानीका हकमा तोकिएका लघु उद्यमी सिर्जनाको लक्ष्यमध्ये कम्तिमा ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्ने छ ।

(ञ) **व्यवसाय विकास परामर्श तथा बजार विस्तार** : कार्यक्रम सन्चालन भएका सबै गाउंपालिका/नगरपालिका का उद्यमीहरुबाट उत्पादित वस्तुहरुको सरल र सहज बिक्री व्यवस्थाको लागि बजारीकरण सन्जाल बिस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

(ट) **उपयुक्त प्रविधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजीकरण** : तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी सम्बन्धित निकाय सग समन्वय गरी कम्तीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत र सहभागीको तर्फबाट २० प्रतिशतको अनुपातमा उद्यमीहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । साथै सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत माथि उल्लेखित लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्ने छ ।

(ठ) **साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरण गर्ने** : अति विपन्न तथा विपन्नताको कारण उद्यम स्थापना गर्न स्थान नभएका तर उद्यम गर्न ईच्छुक उद्यमीहरुलाई उद्यम स्थापना र विकासमा सघाउ पुग्ने गरी मेडपा सन्चालन निर्देशिका अनुरुप साझा सुविधा केन्द्रको स्थापना र सचालन गर्न सहजीकरण गर्ने ।

ड) **लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरबी** : विद्यमान लघु उद्यम मैत्री नीति नियमहरुको बारेमा समुहलाई अभिमुखीकरण गराई सम्बन्धित निकायसग समन्वय र सहकार्यको लागि सहजीकरण गर्ने र जिल्लास्थित लघु उद्यमीहरुको समूह तथा संस्थासंगको सहकार्यमा स्थानीय निकाय तथा अन्य कार्यालयहरुसंग बजेट तथा कार्यक्रम बिनियोजनको लागि पैरवी/वकालत गर्ने ।

ढ) **तथ्याङ्क विवरण अध्याबधिक गर्ने** :- व्यवसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी सिर्जनाको लागि गरिएका हरेक कृयाकलापहरुको विवरण अध्यावधिक गर्नको लागि कार्यक्रमले तयार पारेको Web based database system अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने छ । यसरी अद्यावधिक गरेको तथ्यांकको एक प्रति रकम भक्तानी बिल

कार्यालयलाई बुझाउनु पर्नेछ । MIS Database मा तपसिलका ८ विवरणहरु प्रविष्टि नभएसम्म उद्यमी सिर्जना भएको नदेखिने हुँदा विशेष ध्यान दिनुपर्ने छ । १) समूह निर्माण, २) TOPE तालिम, ३) TOSI तालिम, ४) व्यवसायिक योजना, ५) सीप विकास तालिम वा व्यवसाय व्यवस्थापन परामर्श, ६) बजार सर्भेक्षण, ७) ऋण लगानी वा स्वलगानी र ८) उद्यमको नाम

**४.२ उद्यमीको व्यबसाय स्तरोन्नति तर्फ :** मेडेप र मेडपाबाट विगत ३ वर्ष भित्र प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी :

क) स्तरोन्नतिको लागि आवश्यकता पहिचान गर्ने,

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुनर्ताजगी, सीप विकास तालिम सञ्चालन गर्ने,

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग,पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, बजार मेला, प्रदर्शनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

ङ) स्तरोन्नतिको लागि गरिएका सम्पूर्ण क्रियाकलाप तथा गत ३ वर्षभित्र मेडेप तथा मेडपा अन्तर्गत प्रवर्द्धन गरिएका लघु उद्यमीको विवरण MIS database software मा अद्यावधिक गर्ने र त्यसको सारांश प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने छ ।

(च)व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित गाउँपालिका/नगरपालिकालाई जानकारी दिई समन्वय गरी गर्नुपर्ने छ र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदन, तथ्याङ, नक्सा, सर्भे प्रतिवेदन लगायतको विवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरीसक्नु पर्नेछ ।

## ५. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त आशय-पत्रहरु छनौट तथा मूल्यांकनका आधारहरु :

### ५.१ व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यता :

**क) सस्थाको अनुभव दर्ता तथा क्षमता :-**

लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको तथा आशय पत्र पेश गर्न चाहेको जिल्लामा संस्था दर्ता भई सोही जिल्लामै कार्यालय स्थापना गरी कार्य सञ्चालन गरेको वा छिमेकी जिल्ला (आशयपत्र पेश गर्न चाहेको जिल्लासंग भौगोलिक सिमाना जोडिएको जिल्ला) मा संस्था दर्ता भई आशय पत्र पेश गर्न चाहेको जिल्लामा कार्यक्रम सञ्चालन गर्ने अनुमति लिई कार्य संचालन गरेको वा जुन सुकै जिल्लामा संस्था दर्ता भई आशय पत्र पेश गर्न चाहेको जिल्लामा कार्यक्रम संचालन गर्ने अनुमति प्राप्त गरेको भएमा त्यस्ता संस्थाहरुलाई क्रमशः पहिलो, दोश्रो र तेश्रो प्राथमिकता दिइने छ ।

निर्देशक

ख) जनशक्ती

अ) कार्यक्रम संयोजक : १ जना

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता: स्नातक वा सो सरह हुने छ । स्नातकोत्तर उपाधी प्राप्त गरेकोलाई ग्राहयता दिइने छ ।

२. अनुभव: लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता क्रियाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिइने छ ।

३ लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइने छ ।

आ).उद्यम विकास सहजकर्ता: ६ जना

आबश्यक न्युनतम योग्यता:

१) सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण (HHS), उद्यमशीलता विकास (SIYB/MECD) जस्ता तालिम लिई उद्यम विकास सहजीकरणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सीप परीक्षण समिति (NSTB) बाट सिप परीक्षणमा तह २ वा ३ उत्तीर्ण गरेको वा

२) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी १५ महिने प्राविधिक एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको हुनपर्नेछ ।

(३) लघु उद्यम वा व्यवसाय बिकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइने छ ।

४) लैङ्गिक तथा सामाजिक समावेसी :महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइने छ ।

**माथि जुन सुकै कुरा लेखिएको भएतापनि उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका आशय पत्रहरु मान्य हुने छैनन् ।**

इ) कम्प्यूटर अपरेटर : १ जना

१) आवश्यक न्यूनतम योग्यता: कम्प्युटर विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरेको वा जुनसुकै विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी कम्तीमा ३ महिने कम्प्युटर तालिम लिएको ।

२) कम्प्युटर सम्वन्धी कार्य अनुभव भएकालाई प्राथमिकता दिइने छ ।

३) लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइने छ ।

ई ) लेखा तथा प्रशासन सहायक: १ जना

१) आवश्यक न्यूनतम योग्यता: व्यवस्थापनमा प्रमाणपत्र तह उत्तीर्ण भएको ।



निर्देशक

२) सम्बन्धित कार्यक्षेत्रमा अनुभवीलाई प्राथमिकता दिइने छ ।

३) लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइने छ ।

**६. व्यवसाय विकास सेवा प्रदायक संस्थाको संस्थागत योग्यता सम्बन्धी विवरण :**

क) संस्थाको विधान वा प्रवन्ध पत्र तथा नियमावलीमा उल्लेखित उद्धेश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई आशय पत्र पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ वर्ष पुरा गरी लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको हुनुपर्ने छ ।

ख) संस्था विधिवत दर्ता भई नवीकरण भएको हुनुपर्ने छ ।

ग) कार्यादेशमा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्ने छ ।

घ) नेपाल सरकारको नियमानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनपर्ने छ ।

ङ) आ.व. २०७२/७३ को कर चुक्ता भएको हुनु पर्ने छ ।

च) सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न गर्नुपर्नेछ ।

छ) काम गर्न चाहेको बढीमा ४ जिल्ला (विभाग तर्फ २७ मध्ये २ र सर्मात तर्फ ४८ मध्ये २ जिल्ला) उल्लेख गर्नु पर्ने छ ।

ज) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।

नोट : अनुभवको प्रमाणको प्रतिलिपि , आ.व. २०७२/०७३ को लेखापरीक्षणको प्रतिवेदन,उल्लेखित विषय प्रमाणित हुने कागजातको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा संलग्न हुनुपर्ने छ ।

**७. प्रस्तावको ढाँचा :**

आशयपत्रको ढाँचा यसै कार्यादेशको अनुसूची १ मा उल्लेख गरिएको छ ।

**८ आशय पत्र पेश गर्ने तरिका :**

व्यवसाय विकास सेवा प्रदायक संस्थाले आशय–पत्रलाई खाममा शीलबन्दी गरी खामको बाहिर नाम, ठेगाना, VAT नं र कुन जिल्लाको लागि काम गर्न चाहेको हो सो जिल्लाको नाम समेत स्पष्ट उल्लेख गरी आशय–पत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा कार्यालय समयभित्र कार्य क्षेत्रगत शर्त (TOR) प्राप्त गर्नसक्ने छ। प्रस्तावकले आशयपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे सम्ममा विभाग अन्तरगतका २७ जिल्ला (१ झापा, २ मोरङ्ग, ३ सुनसरी, ४ सप्तरी, ५ सिरहा, ६ धनुषा, ७ महोत्तरी, ८ सर्लाही, ९ रौतहट, १० बारा, ११ पर्सा, १२ मकवानपुर, १३ चितवन, १४ काभ्रे, १५ भक्तपुर, १६ ललितपुर, १७ कास्की, १८ पाल्पा, १९ नवलपरासी, २० रुपन्देही, २१ कपिलवस्तु, २२ दाङ्ग, २३ बाँके, २४ बर्दिया, २५ कैलाली, २६ कंचनपुर र २७ काठमाण्डौ) मध्ये बढीमा २ जिल्लाका लागि घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वरमा र सर्मात अन्तरगतका ४८ जिल्ला (१ इलाम, २ ताप्लेजुङ्ग, ३ धनकुटा, ४ भोजपुर, ५ तेह्रथुम, ६ सङ्खुवासभा, ७ उदयपुर, ८ खोटाङ, ९ सोलुखुम्बु, १० ओखलढुङ्गा, ११ दोलखा, १२ रामेछाप, १३ सिन्धुपाल्चोक, १४ सिन्धुली, १५ नुवाकोट, १६ रसुवा, १७ धादिङ, १८ तनहुँ, १९ गोरखा, २० लमजुङ,

२१. स्याङ्जा, २२. बागलुङ, २३. पर्वत, २४. म्याग्दी, २५. गुल्मी, २६. प्यूठान, २७. रुकुम, २८. रोल्पा, २९. सल्यान, ३०. सुर्खेत, ३१. दैलेख, ३२. कालिकोट, ३३. जाजरकोट, ३४. जुम्ला, ३५. मुगु, ३६. डोटी, ३७. बझाङ, ३८. बाजुरा, ३९. अछाम, ४०. बैतडी, ४१. डडेलधुरा र ४२. दार्चुला, ४३. पांचथर, ४४. अर्घाखाची, ४५. मनाङ, ४६. मुस्ताङ, ४७. हुम्ला र ४८. डोल्पा) मध्ये बढीमा २ जिल्लाको लागि घरेलु तथा साना उद्योग विकास समिति त्रिपुरेश्वरमा दर्ता गरिसक्नु पर्ने छ र सोही दिनको १४:०० बजे नियमानुसार आशय पत्र खोलिने छ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

एकभन्दा बढी जिल्लाका लागि कार्यक्रम सञ्चालन गर्ने गरी आशय–पत्र पेश गर्ने संस्थाले प्रत्येक जिल्लाका लागि अलग अलग जनशक्ति (कर्मचारी) प्रस्ताव गर्नुपर्नेछ। एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एकभन्दा बढी जिल्लाका लागि आशय पत्र पेश गरेको पाइएमा यस विभाग/समितिमा दर्ता भएको पहिलो आशय–पत्रमा उल्लेखित जनशक्तिलाई मात्र मान्यता दिइने छ। तर एउटै संस्थाले विभाग तर्फ दुई र समिति तर्फ दुई गरी ४ भन्दा बढी जिल्लाको लागि आशय पत्र पेश गर्न पाउने छैन।

**९. आशय पत्र मूल्यांकन गर्ने तरिका :**

आशय पत्रको अंक भार ५० कायम गरिएको छ। उत्तीर्णाङ्क ५० प्रतिशत (२५ अंक) हुने छ। उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावहरु मध्ये योग्यताक्रमका आधारमा कम्तिमा ३ देखि बढिमा ६ वटासम्म संस्थाहरुलाई प्रारम्भिक छनौटमा राखिने छ। यसरी छनौट भएका संस्थाहरुको सूचि सार्वजनिक जानकारीकोलागि राष्ट्रिय पत्रिकामा प्रकाशन गरी सोही संस्थाहरुवाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधि अनुसार मूल्याकन गरिने छ।

**१०. विविध :**

प्रचलित नेपाल कानूनको अधिनमा रही यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका बमोजिम हुनेछ।

**११. आशय पत्र मूल्याकंनको अंक भार विभाजनका आधारहरु :**

क) संस्थाको दर्ता, अनुभव तथा क्षमता
ख) चालु आ.व. मा संस्थाले संचालन गरिरहेको कार्यक्रम/परियोजनाको आधारमा
ग) संस्थाको भौतिक क्षमताको अधारमा
घ) संस्थाको कार्य समितिमा समावेसी, योग्यता र नियमित कर्मचारी
ङ) मेडेप/मेडपामा काम गरेको र तेश्रो पक्षको मूल्याकंनको आधारमा
च) संस्थाको वार्षिक कारोवार (आ.व. २०७१।७२ र २०७२।७३)
छ) संस्थाको कर्मचारी, आर्थिक प्रशासन, लैङ्गिक र सामाजिक समावेशी नियमावली को आधारमा
ज) वार्षिक प्रतिवेदन प्रकाशन

निर्देशक